# विहादी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

वहाकीठांटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

## सम्मानित सत्रौ गाउँसभामा श्रद्धय अध्यक्ष परविन गुरूङज्यूद्धारा प्रस्तुत नीति तथा कार्यक्रम

## आ.व.२०८२/८३

## विहादी स्थानीय सरकार

विक्रम संवत् २०८२ साल असार २६ गते बिहिवार

**सत्रौ गाउँसभामा उपस्थित, सभा-उपाध्यक्ष ज्यू,**
**सभा-सचिव ज्यू, आदरणीय सभासदज्यूहरू,**
**राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मी मित्रहरु,**
**पत्रकार मित्रहरू, उपस्थित महानुभावहरू, र समस्त विहादीवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक स्वागत र सम्मानसहित अभिनन्दन व्यक्त गर्न चाहन्छु।**

आज म विहादी गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को **नीति तथा कार्यक्रम** प्रस्तुत गर्ने यस ऐतिहासिक अवसरलाई अत्यन्त गौरवको विषयका रूपमा लिएको छु। यस अवसरमा, पूर्वमा महाशिला र पैंयु गाउँपालिका, पश्चिममा गुल्मी र बागलुङ जिल्ला, उत्तरमा फलेवास नगरपालिका तथा दक्षिणमा स्याङ्जा र गुल्मी जिल्ला सम्म फैलिएको, बाच्छाको बाच्छाखोला देखी उरामको शिब्दीखोला,सेतिवेणी भेडाबारी, पूर्णगाउँ, भतेरपाटा गेप्ताङ देखी पवित्र शालिग्राम पाईने कालीगण्डकी नदीले घेरिएको भूमि, हाम्रो प्यारो विहादी भित्र रहनुहुने समस्त गाउँवासी आमाबुवा, दाजुभाइ र दिदीबहिनीहरूप्रति उच्च श्रद्धा, कृतज्ञता र स्मरण व्यक्त गर्दछु । यस सभामार्फत, हामी सबैको सामूहिक बुद्धि, चेतना र सुझबुझलाई प्रतिनिधित्व गर्दै गाउँपालिकाको समग्र विकासका लागि मार्गचित्र तय गर्न लागेका छौं।यो अवसरमा, गाउँसभाका सम्मानित सदस्य **स्व. दीपक गुरुङ** जस्ता समर्पित जनप्रतिनिधि तथा लोकतान्त्रिक गणतन्त्र स्थापनाको ऐतिहासिक आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण वीर सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु।

यस विहादी गाउँपालिकाको जग बसाल्नदेखि समृद्धि यात्राको नेतृत्व गर्नुभएका अग्रज नेतृत्व तथा पूर्व जनप्रतिनिधिहरूप्रति पनि श्रद्धा, सम्मान र आभार व्यक्त गर्न चाहन्छु। नीति तथा कार्यक्रम तर्जुमाको क्रममा मूल्यवान सुझाव, परामर्श र साथ सहयोग गर्नुहुने,पालिकाका आमाबुवा, दाजुभाइ, दिदीबहिनी ज्यूहरु,राष्ट्रसेवक कर्मचारी ज्यूहरु,वर्तमान तथा निवर्तमान जनप्रतिनिधि ज्यूहरु,राजनीतिक दल, कृषक, व्यवसायी, युवा साथीहरु, सहजकर्ता तथा सरोकारवालाहरू सबैप्रति म गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

हामी यस पालिकालाई शिक्षामा गुणस्तर, स्वास्थ्यमा पहुँच, कृषकलाई उत्पादन, उत्पादनलाई बजार, पशुपालनमा अनुदान, श्रमिकलाई रोजगारी, स्वरोजगारमा सहजीकरण, शिक्षकलाई जिम्मेवारी, कर्मचारीलाई पारदर्शिता, जनतालाई प्रभावकारी सेवा प्रदान गर्ने जिम्मेवार स्थानीय सरकारको रूपमा अगाडि बढाइरहेका छौं।

आर्थिक, सामाजिक, पर्यावरणीय तथा पूर्वाधार विकासका साथै सुशासन, पारदर्शिता र उत्तरदायित्वका मूल्यमा आधारित **सबल, समुन्नत र समृद्ध विहादी** निर्माण हाम्रो लक्ष्य हो । हामी प्रविधिमा आधुनिकीकरण र मौलिक पहिचानमा गर्वको सम्मिश्रण गर्दै, स्थानीय जनअपेक्षा अनुसारको सेवा प्रवाह र जन-सरकार सम्बन्धलाई थप बलियो बनाउँदै अघि बढ्ने दृढ संकल्पसहित अगाडि बढिरहेका छौं।
यस यात्रामा म सम्पूर्ण विहादीवासी जनसमुदायलाई **मन, वचन र कर्मले सहभागी** भई नीति निर्माणदेखि मूल्याङ्कनसम्मको प्रक्रियामा **सहभागिता जनाउन विनम्र आह्वान** गर्दछु । तपाईंहरूको सतत साथ, सुझाव र सकारात्मक सहभागिताले हाम्रो साझा सपना – **"समुन्नत विहादी"** – लाई साकार पार्नेछ भन्ने दृढ विश्वास लिएको छु।

**आदरणीय सभा सदस्यज्यूहरू,**

वर्तमान अवस्थामा विहादी गाउँपालिकाको समग्र विकास र समृद्धिको यात्रालाई सार्थक बनाउने थुप्रै उज्याला सम्भावनाहरू हामीमाझ विद्यमान छन्। संविधानले सुनिश्चित गरेको अधिकारदेखि स्थानिय विशेषता र पूर्वाधारका जगसम्म रहेका यी अवसरहरूलाई पहिल्याई सदुपयोग गर्न सकेमा हाम्रो पालिका आत्मनिर्भर, आत्मगौरवशाली र समुन्नत बन्ने स्पष्ट संकेत देखिन्छ।
यहाँ म विहादी गाउँपालिकामा विद्यमान मुख्य अवसरहरू तपसिलमा प्रस्तुत गर्न चाहन्छु:

- स्थानीय सरकारलाई नीति निर्माण र कार्यान्वयनको पूर्ण अधिकार प्राप्त छ।
- पालिकाले आफ्ना आवश्यकता अनुसार नीति, नियम र कार्यक्रम बनाउन सक्छ।
- विभिन्न जात–भाषा र संस्कृतिले सामाजिक एकता र पर्यटनको अवसर प्रदान गर्छ।
- सबै वडामा आधारभूत सडक, शिक्षा र स्वास्थ्य सेवा विस्तार भइसकेको छ।
- व्यावसायिक कृषि र उत्पादनको बजार पहुँचका लागि पूर्वाधार निर्माण भइसकेको छ।
- धार्मिक र प्राकृतिक स्थलहरूको संरक्षणबाट आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सकिन्छ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

विहादी गाउँपालिकाले समृद्धि र समुन्नतिमा अगाडि बढ्ने यात्रामा अनेकौं अवसरहरू भएतापनि केही चुनौतीहरू पनि हामीसामु उभिएका छन्। ती चुनौतीहरूको सान्दर्भिक चिनारी गरी त्यसको समाधान तर्फ प्रेरित हुनु हाम्रो साझा उत्तरदायित्व हो।

- सिमित बजेट तथा आन्तरिक आम्दानीको अभावले गर्दा समावेशी योजना निर्माण र कार्यान्वयनमा सर्वपक्षीय सहभागिता सुनिश्चित गर्नु चुनौतीपूर्ण रहेको छ।

- रोजगारमुखी र सीपमूलक शिक्षालाई अझ प्रभावकारी र व्यवस्थित रुपमा विकास गर्न आवश्यक छ, जसले हाम्रो युवा शक्ति दक्ष र रोजगारी योग्य बनोस् ।
- कृषि उत्पादनलाई स्थानीय र बाह्य बजारमा पहुँच सुनिश्चित गर्दै उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष समन्वय बढाउनुपर्ने आवश्यकता छ ।
- भुमि बैकं कार्यक्रममार्फत व्यवसायिक कृषकको संख्यामा वृद्धि गरि युवा वर्गलाई कृषि व्यवसायतर्फ आकर्षित गर्न र आधुनिक प्रविधि तथा व्यवस्थापनमार्फत कृषिलाई कृषि थप मजबुत, समृद्ध , सम्मानजनक र लाभदायक पेशा बनाउनु अपरिहार्य छ ।
- वैदेशिक रोजगारीबाट फर्केका दक्ष युवाहरूका सीप र पुँजीलाई उद्यम विकास तथा स्वरोजगार सिर्जनामा प्रभावकारी रूपमा उपयोग गर्नुपर्ने आवश्यकता छ ।
- निर्माण भएका पूर्वाधारहरूको मर्मत संभार र दिगो सञ्चालन पद्धतिलाई सुदृढ गरी दीर्घकालीन विकासको सुनिश्चितता गर्न जरुरी छ ।
- स्थानीय स्तरमै गुणस्तरीय शिक्षा, समसामयिक स्वास्थ्य सेवा र पर्याप्त रोजगारीका अवसरहरू सृजना गरी सशक्त समृद्धि तर्फ उन्मुख हुन बसाइसराइको दर घटाउनुपर्ने चुनौती छ ।
- कृषि योग्य जमिनमा सिंचाईको व्यवस्थित र भरपर्दो व्यवस्था गरी उत्पादनशीलता अभिवृद्धि गर्ने विषयमा विशेष ध्यान दिनु अपरिहार्य छ ।
- बादर, दुम्सी, चितुवा जस्ता वन्यजन्तुले कृषि बाली र पशुधनमा पार्ने क्षतिबाट सुरक्षा गर्न प्रभावकारी व्यवस्थापन र संरक्षणको आवश्यकता छ ।
- जनप्रतिनिधिहरूमा कानूनी ज्ञानको अभाव, विद्यालयहरूमा आवश्यक दरबन्दी र कर्मचारी पदपूर्तिको कमी, साथै दक्ष प्राविधिक जनशक्तिको अभावले कार्यसम्पादनमा चुनौती सिर्जना गरेको छ ।
- संघीय, प्रदेश र स्थानीय तहका बीच साझा अधिकारका विषयहरूमा आवश्यक कानुनी व्यवस्था नबनाउनु र समन्वयको कमीले नीति कार्यान्वयनमा प्रभाव पारिरहेको छ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ राष्ट्रिय योजना आयोगद्वारा जारी गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र पञ्चवर्षिय आवधिक योजनाको मार्गदर्शन अनुसार हामीले विभिन्न तहबाट सहभागीता सुनिश्चित गर्दै आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम तयार गरेका छौं । सुन्दर, समृद्ध र समुन्नत विहादी गाउँपालिका निर्माण हाम्रो साझा संकल्प हो । यो नीति तथा कार्यक्रमले निर्वाचनकालीन प्रतिबद्धता पूरा गर्दै दीगो विकासका राष्ट्रिय लक्ष्यहरूलाई स्थानीय तहमा कार्यान्वयन गर्ने लक्ष्य राखेको छ ।

स्थानीय स्रोतहरूको पहिचान र सदुपयोग गरी समावेशी, जलवायु अनुकूल, दिगो आर्थिक विकासमार्फत **"समुन्नत विहादी, सम्मानीत विहादीबासी"** को सपना साकार पार्न हामी प्रतिबद्ध छौं। उत्पादनशीलता, शिक्षित रोजगार, पर्याप्त आय र सुखी जीवनका लागि यो नीति कार्यक्रम अभिमुख गरिएको छ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

आदरणीय सभा सदस्यज्यूहरू, अब म आर्थिक वर्ष २०८२/८३ को समग्र नीति तथा कार्यक्रम तपाईंहरू समक्ष प्रस्तुत गर्न चाहन्छु।

## १. आर्थिक विकास

### <u>क. कृषि</u>

- प्रत्येक वडामा **"एक घर, एक करेसाबारी: एक हाईटेक टनेल"** कार्यक्रम अन्तर्गत अर्गानिक,तथा बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्न आधुनिक हाईटेक टनेलको वितरणलाई थप विस्तार गरिनेछ। यसले कृषकलाई वर्षभरि उत्पादन गर्न सहज बनाउनेछ र स्थानीय उत्पादनमा आत्मनिर्भरता बढाउनेछ।
- **"स्थानीय सरकारको साझेदारी, बाझो रहन्न खेतबारी"** कार्यक्रममार्फत विहादी गाउँपालिकामा बाँझो जमिनको उत्पादक उपयोग, रोजगारी सृजना तथा स्थानीय आत्मनिर्भरताको प्रवर्द्धनका लागि भूमि बैंक स्थापना गरिनेछ, बाँझो जग्गाको सदुपयोग गरी उत्पादनमूलक खेती र पशुपालन गर्न सकिने वातावरण तयार गरिनेछ। यसअन्तर्गत कृषकलाई आवश्यक कृषि सामग्री, सिँचाई सुविधा र प्राविधिक सहयोग उपलब्ध गराइनेछ र उत्पादनको बिक्रीमा सहजता ल्याउन कृषि एम्बुलेन्स सेवा प्रभावकारी सञ्चालन गरिनेछ।
- **"वृहत चिस्यान केन्द्र"** को अवधारणा अन्तर्गत कृषि उत्पादनको संरक्षण र भण्डारणलाई व्यवस्थित गर्न चिस्यान केन्द्रको निर्माण सम्पन्न गरी व्यवस्थित सञ्चालन गरिनेछ।
- कृषकहरूको उत्पादन क्षमता वृद्धि गर्न र सवैलाई समावेशी तरकारी खेती प्रवर्द्धनका लागि निशुल्क वा अनुदानमा तरकारी बीउ वितरण तथा थोपा सिँचाई कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्यावरणमैत्री कृषिको प्रवर्द्धनका लागि जैविक विषादी र ट्र्याप वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वस्थ र पोषिलो फलफूल तथा तरकारी उत्पादनका लागि उन्नत बीउ र फलफूल बिरुवा वितरण गरिनेछ। आधुनिक प्रविधि जस्तै GIS र रिमोट सेन्सिङ्गको प्रयोग गरी कृषि तथ्याङ्क संकलन, व्यवस्थापन र नीतिगत निर्णयमा उपयोग गरिनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- मागअनुसार मौसमी र बे-मौसमी तरकारी खेती सम्बन्धि तालिम **"एक वडा एक आ.पि.एम"** कार्यक्रम मार्फत कृषि उद्यमी तयार पारीनेछ, कृषक कल्याणकारी बचत कोष कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- कृषकहरूलाई निःशुल्क बाली बिमाको सुविधाको लागि पहल गरिनेछ र उत्कृष्ट कृषकलाई गाउँपालिका तर्फबाट परिचयपत्र प्रदान गरि सम्मान गरिनेछ ।
- कृषि उत्पादनको गुणस्तर र उत्पादनक्षमता सुधारका लागि माटो परीक्षण गरी **माटो स्वास्थ्य कार्ड** किसानलाई प्रदान गरिनेछ, साथै आवश्यक कृषि चुन वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषकको उत्पादन सुधारका लागि मल्चिङ प्लाष्टिक, स्प्रे र स्केचर वितरण साथै सुक्षम पोषकतत्व वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि क्षेत्रमा योगदान दिने अगुवा कृषकहरूको मनोबल वृद्धि र प्रेरणाका लागि विभिन्न कृषि दिवसमा सम्मान कार्यक्रम आयोजना गरिनेछ, कृषकलाई विविध कृषि विधि, प्रविधि र व्यवस्थापनसम्बन्धी परामर्श सेवा प्रदान गरिनेछ।
- कृषि विकासमा अनुभव आदान–प्रदान र साझा कार्यक्रम सञ्चालनका लागि अन्तर पालिका समन्वय कार्यक्रम अघि बढाइनेछ।

## ख. पशु विकास

- युवाहरुलाई कृषिमा आकर्षित गर्न विशेष योजना ल्याइनेछ । **"उत्पादनमा आधारित अनुदान"** कार्यक्रम अन्तर्गत उन्नत जातको गाई भैसी खरिदमा अनुदान, दुध ढुवानीमा सहुलियत, प्रजननको लागि रागाँ पाल्ने कृषकलाई राहत, भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ, यसले युवा कृषकहरूलाई व्यावसायिक र आत्मनिर्भर बनाउने लक्ष्य राख्दछ । कृषकलाई प्रतिलिटर सात रुपैया पचास पैसा दुध ढुवानीमा सहुलियत प्रदान गरिनेछ ।
- **"प्रविधिको प्रयोग, पशुपालनमा सहयोग"** कार्यक्रम अन्तर्गत व्यवायिक कृषकको दिगो पशुपालनलाई सहजिकरण गर्न घाँस काट्ने मेसिन वितरण गरिनेछ।
- स्थानीय जातका गाईको संरक्षण, प्रवर्द्धन र पुनउत्पादनका लागि लक्षित कार्यक्रम सञ्चालन गरी जैविक विविधता तथा ग्रामीण पशुपालनलाई सुदृढ गरिनेछ, हलगोरु पालन गर्ने परम्परागत कृषकहरुको संरक्षण तथा प्रोत्साहनका लागि प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
- पशु सम्पदाको स्वास्थ्य सुरक्षाका लागि निशुल्क पशु स्वास्थ्य शिविर तथा औषधी वितरण कार्यक्रम सञ्चालन गरिनेछ, पशु रोग निदान सेवामा सुधार ल्याउन पशु ल्याव व्यवस्थापन तथा आवश्यक ल्याब सामाग्रीहरु खरिद गरिनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- पशुपालनका लागि आवश्यक पोषक तत्व र सन्तुलित आहारको व्यवस्था गर्न बाह्रै महिनाका लागि पोषणयुक्त घाँसका बीउ वितरण गरिनेछ।
- पशुको नश्ल सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। महामारीजन्य रोगहरूको निशुल्क उपचार र औषधी वितरण गरि किसानको आर्थिक भार घटाइनेछ।
- पशुपन्छी दर्ता, अभिलेखीकरण र पशु बिमा कार्यक्रमलाई दिगो बनाउन निरन्तरता दिइनेछ।
- **"असल कृषि तथा पशु अभ्यास कार्यक्रम"** अन्तर्गत रेविज दिवस, भेटेरिनरी दिवस, अण्डा दिवस लगायत विभिन्न दिवसमा उत्पादनमा जोड दिईनेछ।
- पशु रोग र कीरा नियन्त्रणका लागि कार्यक्रम सञ्चालन गरिनेछ। **"पशुको पूर्ण खोप"** अभियानलाई व्यापक रूपमा लागू गरिनेछ।
- सामुदायिक छाडा कुकुरहरुबाट रेबिज जस्ता घातक रोगहरुको न्युनिकरणका लागि रेबिज खोप कार्यक्रम सञ्चालन गरिनेछ।

### ग. उद्यम, सहकारी तथा रोजगार

- स्थानीय पूर्वाधार निर्माणसँगै समुदायमा रोजगारी सिर्जना गर्ने उद्देश्यले 'पूर्वाधार विकास तथा रोजगार साझेदारी आयोजना' सञ्चालन गरिनेछ। राष्ट्रिय रोजगार कार्यक्रमलाई साझेदारीमा प्रभावकारी रूपमा लागू गरी बेरोजगारलाई रोजगारीसँग जोडिने अवसर दिइनेछ, श्रमिकलाई व्यवसायिक सीप विकासका लागि गुणस्तरीय तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत जनप्रतिनिधि र समुदायस्तरमा अभिमुखिकरण गरी वैदेशिक रोजगार सम्बन्धी जनचेतनामूलक सूचना, पर्चा, पम्प्लेट र होर्डिङ बोर्डहरू तयार गरी व्यापक रूपमा प्रचारप्रसार गरिनेछ।
- गाउँपालिकाभित्र हुने विभिन्न आयोजना तथा विकास कार्यमा स्थानिय जनताको सहभागिता र प्राथमिकता सुनिश्चित गरिनेछ। बालश्रम मुक्त पालिका घोषणा गरी बालश्रम नहुने वातावरण बनाइनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू**

- रोजगार सेवा केन्द्रलाई सशक्त बनाइ साझेदारीमा सञ्चालन गरिनेछ, **"श्रमिकसँग गाउँपालिका अध्यक्ष"** कार्यक्रममार्फत कृषक तथा बेरोजगारको समस्या सुन्ने र समाधानका उपाय खोज्ने काम निरन्तर गरिनेछ।
- आप्रवासी कामदार तथा तिनका परिवारको अधिकारको सुनिश्चितताका लागि संघ र प्रदेश सरकार तथा वैदेशिक रोजगार बोर्डसँग समन्वय र लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, आर्थिक सहायता, सीप अभिवृद्धि, मनोसामाजिक परामर्श र वित्तीय साक्षरताजस्ता सेवा प्रवाह गरिने छ।

- सुरक्षित, व्यवस्थित र सम्मानजनक वैदेशिक रोजगारी सुनिश्चित गर्ने आवश्यक पूर्वतयारी, जानकारीमूलक सेवा , श्रम संसार र परामर्श प्रणाली स्थानीय तहमा विकास गरिने छ, साथै वैदेशिक रोजगारीमा जानेहरुको पुन: स्वीकृति कार्यक्रम लाई व्यवस्थित वनाउदै निरन्तरता दिईनेछ।
- स्थानीय तहमा रहेका बेरोजगार, अर्धरोजगार, र वैदेशिक रोजगारबाट फर्किएका जनशक्तिलाई लक्षित गरी सीप विकास, स्वरोजगार प्रवर्द्धन र व्यवसायिक परामर्श सेवामार्फत **आर्थिक आत्मनिर्भरता** अभिवृद्धि गरिने छ।
- वैदेशिक रोजगारबाट फर्किएका आप्रवासी कामदार तथा तिनका परिवारको पहुँच स्वरोजगार तथा रोजगारमुखी कार्यक्रमहरूमा सुनिश्चित गरिने छ। त्यसका लागि सहुलियत ऋण, सीप तालिम तथा उद्यम स्थापना सम्बन्धी सहयोग प्रदान को पहल गरिने छ।
- लघु समूह गठन गरी व्यवसायिक र सीपमूलक तालिम दिइनेछ। तालिम प्राप्त जनशक्तिलाई उद्यमी बनाउन प्रविधि हस्तान्तरण, बजार पहुँच र वित्तीय सहयोग गरिनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- “नवप्रवर्तनशील सोच, सीप र योजना भएका युवालाई स्थानीयस्तरमै उद्यमशीलता विकास गर्न प्रोत्साहित गर्दै **'विहादी स्टार्टअप च्यालेञ्ज'** कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमअन्तर्गत स्वरोजगार सहायता कोष स्थापना गरि छनोट भएका युवालाई अनुदान, सीप अभिवृद्धि तालिम, प्राविधिक मार्गदर्शन तथा सहजीकरण सेवा प्रदान गरिनेछ।
- स्थानिय सिपयुक्त जनशक्तिलाई प्राथमिकतामा राखी रोजगारीमा समावेश गर्ने नीति बनाइनेछ।
- लगानीमैत्री वातावरण सिर्जना गर्न कर दरमा छुट र सुधार गरिनेछ। स्थानिय सिप र स्रोतमा आधारित घरेलु तथा साना उद्योगको संरक्षण गरिनेछ।
- दैनिक आवश्यक वस्तुहरूको मूल्य अनुगमन गरि उपभोक्तालाई राहत दिने व्यवस्था गरिनेछ।
- स्थानिय रुपमा उत्पादित मदिरा उत्पादनलाई प्रोत्साहन गरि अर्थोपार्जनमा सहयोग गरिनेछ, साथै कोदोको लोकल रक्सी ब्रान्डिङ कार्यक्रमको सुरुवात गरिनेछ ।
- कृषि समूह, निजी फर्म र सहकारीहरूको दर्ता, अनुगमन,नियमन गरी कार्यप्रति उत्तरदायी बनाईनेछ ।

## २. सामाजिक विकास

### क. स्वास्थ्य,

- **“विहादी बन्दै छ, वुवा आमालाई सन्चै छ”** कार्यक्रम अन्तर्गत गाउँपालिकाका गरिबीको रेखामुनि रहेका दलित, सीमान्तकृत तथा लोपोन्मुख वर्गका ज्येष्ठ नागरिक, स्थानीयवासी र विशेषगरी ६० वर्षमाथिका नागरिकहरूका लागि प्रभावकारी स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्न हामी प्रतिबद्ध रहनेछौ,

६ महिनामा एक पटक निशुल्क स्वास्थ्य परीक्षण र वर्षमा एकपटक इच्छुक सबै नागरिकको निशुल्क स्वास्थ्य जाँचको लागि निशुल्क स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ।

- अति गरिव तथा विपन्न परिवारलाई स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनेछ।। औषधि तथा आवश्यक उपकरणहरूको आपूर्तिलाई निरन्तरता दिँदै सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सुलभ गराउनेछौं।
- परिवारको स्वास्थ्य अवस्थाको निरन्तर सुधार र व्यवस्थापनका लागि परिवार स्वास्थ्य प्रोफाइल अद्यावधिक गरिनेछ, न्यूनतम सेवा मापदण्ड पूरा गर्न आवश्यक सामग्री खरिद गरी सेवा गुणस्तर सुनिश्चित गरिनेछ।
- वडा भित्रका सबै बालबालिकाहरूको पोषण स्थिति नियमित रूपमा स्क्रीनिङ गरी आवश्यक उपचार र परामर्श प्रदान गरिनेछ, स्थानीयस्तरमा आँखा उपचार सेवा सुनिश्चित गर्न आँखा उपचार केन्द्रको व्यवस्था, सञ्चालन र प्रवर्द्धन गरिनेछ।
- ग्रामीण भेगमा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न अल्ट्रासाउण्ड सेवा, ल्याब संचालन र व्यवस्थापन गरिनेछ।
- VPD सर्भेलेन्स, क्षयरोग र अन्य रोगहरूको प्रभावकारी परीक्षणका लागि Bio Chemistry Analyzer Machine र Microscope CX31 खरिद गरिनेछ।
- किशोर–किशोरीको प्रजनन स्वास्थ्य सुधारका लागि लक्षित शिक्षा, परामर्श र सेवाहरू प्रदान गरिनेछ।
- स्वास्थ्य संस्थामा २४ घन्टे प्रसुती सेवा प्रभावकारी रूपमा सञ्चालन गराई घरमै हुने प्रसुतीलाई निरुत्साहित गर्दै आमा र शिशुको जीवन सुरक्षा प्रवर्धन गरिनेछ। **"सुत्केरी संग उपाध्यक्ष"** कार्यक्रम अन्तर्गत प्रसुती भएका महिलाहरूलाई पोषणसम्बन्धी प्रोत्साहन दिइनेछ ।
- मातृ तथा नवशिशु मृत्युदर घटाउन सुत्केरी महिलाहरूको PNC गृह भ्रमण अनिवार्य र प्रभावकारी रूपमा गरिनेछ। बालबालिकाहरूलाई पूर्ण खोप उपलब्ध गराएर **"पूर्णखोप सुनिश्चित पालिका"** घोषणा गरिनेछ। जुम्ल्याहा शिशु स्तनपान भत्ताको अवधारणालाई अघि बढाइनेछ।
- स्वास्थ्यकर्मीहरूको दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम र सहयोग संघीय, प्रदेश सरकार र सहयोगी संस्थासँग समन्वय गरेर गरिनेछ। क्षयरोग, मलेरिया, हात्तीपाइला लगायतका संक्रामक रोगहरूलाई राष्ट्रिय प्रोटोकल अनुसार नियन्त्रणमा राखिनेछ।
- वृद्धवर्ग र विपन्न वर्गका मुटु, मृगौला, क्यान्सरजस्ता गम्भीर रोग लागेका नागरिकलाई निशुल्क उपचार तथा आर्थिक सहयोग प्रदान गरिनेछ। आयुर्वेद उपचार पद्धतिलाई पनि प्रोत्साहन गरिने छ।
- सुत्केरी, गर्भवती महिला, नवजात शिशु र ज्येष्ठ नागरिकका लागि निशुल्क एम्बुलेन्स सेवाको लागि आर्थिक सहयोग गरिनेछ।

- महिला स्वास्थ्य स्वयंसेविकाको आत्मसम्मान वृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। **"सुनौलो हजार दिनका आमा"** तथा पाँच वर्ष मुनिका बालबालिका र किशोरीहरूको पोषण सुधारका योजनालाई विस्तृत र प्रभावकारी बनाइने छ।
- समुदायमा मानसिक स्वास्थ्य सुधार र सुदृढीकरणका लागि मनोसामाजिक परामर्शकर्ता सेवा प्रदान गरिनेछ, शिशु तथा बालबालिकामा स्वास्थ्य सेवाको पहुँचको लागि स्वास्थ्य ईकाईहरुमा खोप केन्द्रको पुर्वाधार निर्माणको लागि पहल गरिनेछ।

**ख. शिक्षा तथा खेलकुद**

- **"विहादीको साथ — शिक्षा र सेवामा युवाको हात"** कार्यक्रम अन्तर्गत शिक्षा र सरकारी कामकाजको क्षेत्रमा युवाहरूको सहभागिता र सफलताको सुनिश्चितता गर्न **निशुल्क लोक सेवा तथा शिक्षक सेवा आयोग** का तयारी कक्षाहरू सञ्चालनलाई निरन्तरता दिईनेछ, जसले सहभागीहरुको दक्षता वृद्धि र परीक्षा तयारीलाई सहज बनाउनेछ। विद्यालयमा राजनीतिक हस्तक्षेपलाई पूर्ण रूपमा हटाउने र शिक्षक तथा विद्यार्थीहरूमा राजनीतिक दलको सदस्यता वा संगठन विस्तारलाई रोक लगाइनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- **"साठी प्रतिशत उत्तीर्ण होस्, जीवनोपयोगी शिक्षा बनोस्"** कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा कम्तिमा ६०% विद्यार्थी उत्तीर्ण हुनुपर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ। नतिजा अनुसार शिक्षकहरूको आन्तरिक सरुवा गरिने छ। सामुदायिक क्याम्पस र विद्यालयहरूमा जीवनोपयोगी प्राविधिक तथा व्यवसायिक शिक्षामा सहायता प्रदान गरिनेछ।
- शिक्षामा गुणस्तर र समावेशिताका लागि **"सामुदायिक विद्यालयसँग स्थानीय सरकार"** कार्यक्रमअन्तर्गत शिक्षक, अभिभावक, विद्यार्थी र सरोकारवालाबीच समन्वय कार्यक्रम सञ्चालन गरिनेछ।
- बालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई थप तलब अनुदान प्रदान गरी उनीहरूको मनोबल र सेवा गुणस्तर वृद्धि गरिनेछ, विद्यालयहरूमा बाल कक्षा र केजी कक्षाका लागि अनुदान प्रदान गरिनेछ।
- आधारभूत तह कक्षा ३, ५ र ८ को परीक्षा तथा अन्य कक्षाहरूको वार्षिक र सिकाइ उपलब्धि परीक्षा सञ्चालन साथै उक्त परीक्षा स्तरीकृत बनाउन प्रश्नपत्र निर्माण, विश्लेषण र नतिजा- आधारित कार्यशाला सञ्चालन गरिनेछ। आधारभूत तह कक्षा १-३ मा पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार निरन्तर मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ।
- **"बालबालिकामा लगानी, राष्ट्रको भविष्यको कहानी"** कार्यक्रम अन्तर्गत स्थानिय उत्पादनमा आधारित रही कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूका लागि दिवा खाजा व्यवस्थापनमा अनुदान प्रदान गरिनेछ, शिक्षा क्षेत्रमा गुणस्तरीय तालिम र कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूको प्रतिभा पहिचान र विकासलाई प्रवर्द्धन गरिनेछ।

- विद्यालयहरूमा शैक्षिक कार्यक्रमहरूको समुचित व्यवस्थापनका लागि शैक्षिक क्यालेन्डर निर्माण गरिनेछ,  साथै प्रधानाध्यापक, शिक्षक र शिक्षा सम्बन्धी बैठक तथा कार्यक्रममा आयोजना गरिनेछ। ।
- अंग्रेजी माध्यम सुधार, विद्यार्थीहरूको क्षमताविकासका लागि अतिरिक्त कक्षा र प्रशिक्षणको ब्यवस्था गरिनेछ। स्थानीय पाठ्यपुस्तक परिमार्जन गरी पाठ्यक्रम प्रकाशन गरिनेछ।
- विद्यालयमा नर्स परिचालन गरी प्राथमिक उपचार र स्वास्थ्य सचेतना कार्यक्रम अघि बढाइनेछ। किशोरीहरूको लागि निशुल्क सेनेटरी प्याड वितरण र उत्पादन प्रवर्द्धन गरिनेछ।
- विद्यालयमा योग र आयुर्वेद अभ्यास अनिवार्य गरिनेछ। ट्यूसन र कोचिङलाई नियमन गर्दै विज्ञान प्रयोगशालाहरू थप व्यवस्थित गरिनेछन, विद्यालयहरुमा सरस्वति मन्दिर निर्माण तथा व्यवस्थापनमा ध्यान दिईनेछ।
- विद्यालय नजाने विद्यार्थीका अभिभावकहरूलाई आवश्यक सेवाबाट वञ्चित गरिनेछ। विद्यालय शान्ति क्षेत्र उल्लंघन गर्नेलाई कडाइका साथ कारबाही गरिनेछ।
- शिक्षण–सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाउँदै विद्यालयगत तथ्यांक अभिलेखीकरण व्यवस्थित गर्न शिक्षकहरूलाई ICT/IEMIS तालिम प्रदान गरिनेछ।
- अनिवार्य तथा निःशुल्क शिक्षाको लक्ष्य कार्यान्वयन गर्न शिक्षा सम्बन्धी आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ, कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिनेछ।
- डिजिटल शिक्षा प्रवर्द्धनका लागि विद्यालयमा ICT मा आधारित SMART BOARD जडान कार्यक्रम विस्तार गरिनेछ, कम उपलब्धि भएका विषयका शिक्षकहरूलाई पेशागत क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ।
- विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना अभियान मार्फत शिक्षाको पहुँचमा ल्याइनेछ।
- गाउँपालिकाभित्रका सामुदायिक सिकाइ केन्द्रहरूलाई शैक्षिक क्रियाकलाप सञ्चालनमा प्रभावकारी ढंगले परिचालन गरिनेछ।
- युवा उर्जा विकास र सामाजिक एकताको लागि **"गाउँपालिका अध्यक्ष कप"** खेलकुद समारोह आयोजना गरिनेछ। खेलमैदान निर्माण र स्तरोन्नतिका लागि विशेष पहल गरिनेछ। कृकेट खेललाई प्राथमिकता दिइनेछ।
- **"विहादीको ईच्छा- प्रतिभाको रक्षा"** कार्यक्रम अन्तर्गत विद्यालयस्तरीय खेलकुद प्रतिभाको पहिचान, विकास र प्रोत्साहनका लागि **'राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता'** सञ्चालन गरिनेछ, साथै **"फ्राईडे फर फ्युचर"** कार्यक्रममार्फत विद्यार्थीहरूको प्रतिभा पहिचान र क्षमताविकासमा जोड दिइनेछ।

- क्लब, सघं, संस्था, तथा खेल समितिको व्यवस्थापन गरिनेछ, साथै स्थानीय खेल मैदानहरूलाई स्तरोन्नति गर्न पहल गरिनेछ ।

## ग. लैङगिक समानता, सामाजिक समावेशिकरण तथा संस्कृति

- "जेष्ठ नागरिक सेवा कार्यक्रम" अन्तर्गत सामाजिक सुरक्षा भत्ताको वडागत रुपमा प्रभावकारी वितरण कायम गरिनेछ। शारीरिक अशक्तता भएका व्यक्तिको अधिकार संरक्षण तथा "अपाङ्ग सहायता कार्यक्रम" सञ्चालन गरिनेछ ।
- गरिब, घर विहीन, विपन्न तथा सीमान्तकृत जाति–जातिका लागि आवास व्यवस्थापनमा पहल गरिनेछ। जातीय भेदभावमुक्त समाज बनाउन व्यापक जागरण अभियान सञ्चालन गरिनेछ ।
- धार्मिक, सांस्कृतिक, पर्व र संस्कारहरूको संरक्षण तथा प्रवर्धन गरिनेछ। सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ताको लागि अनलाइन प्रणाली विकास **घटना सप्ताह** सञ्चालन गरी सबै सरोकारवालाहरूलाई सहज सेवा उपलब्ध गराइनेछ ।
- बाल विवाह रोकथाम, लैंगिक हिंसा निवारण र जनचेतना अभिवृद्धिका लागि लक्षित सचेतना अभियान चलाइनेछ । विपन्न महिला उद्यमीहरूको उत्थानका लागि लक्षित उद्धोषण तालिम, उपकरण हस्तान्तरण र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- अन्तर्राष्ट्रिय नारी दिवस भव्य रूपमा मनाइनेछ, बालबालिकाका अधिकार, सुरक्षा, स्वास्थ्य र शिक्षा सुनिश्चित गर्न बालमैत्री स्थानीय शासनको अवधारणाअनुसार कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- पालिका भित्र लैङ्गिक समानता र समावेशीकरणलाई नीति र कार्यक्रममा सुनिश्चित गरिनेछ ।
- औषध दुर्व्यसन, घरेलु हिंसा, जातीय भेदभाव, आत्महत्या प्रवृत्ति न्यूनिकरणमा विशेष पहल गरिनेछ। सार्वजनिक स्थलमा धुम्रपान निषेध गरिनेछ ।
- विपन्न तथा सीमान्तकृत जातिका लागि परिचयपत्र वितरण, राहत र रोजगार सिर्जना कार्यक्रम अघि बढाइनेछ **आदरणीय सभा सदस्यज्यूहरू,**
- दलित समुदायका लागि चेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ; साथै आरन सुधार कार्यक्रम मार्फत घरेलु साना व्यवसाय वृद्धि गर्ने प्रयास गरिनेछ र आदिवासी, जनजाति र सिमान्तकृत समुदायहरू जस्तै माझी, वोटे, कुमालको सांस्कृतिक संरक्षणमा विशेष ध्यान दिइनेछ।
- पालिकाका उत्कृष्ट किसान, शिक्षक, विद्यार्थी, कर्मचारी लगायत विभिन्न क्षेत्रका व्यक्तिहरूलाई पालिका स्थापना दिवसमा सम्मान गरिनेछ ।
- आदिवासी जनजातिको कला-भाषा संस्कृति संरक्षणका लागि विविध कार्यक्रम सञ्चालन गरिनेछ र सांस्कृतिक पहिचान जगेर्नाका लागि पन्चेवाजा खरिद गरी संरक्षण गरिनेछ।
- वास्तुकला,चित्रकला र हस्तकलामा सहभागि हुनेहरुलाई प्रोत्साहन गरिनेछ।

## घ. सञ्चार

- श्रमजीवी पत्रकार र सञ्चारमाध्यमलाई मर्यादित र व्यवस्थित बनाउन सरोकारवालासँग समन्वय गरी आवश्यक पहल गरिनेछ। स्थानीय रेडियो र सञ्चार माध्यमहरूलाई प्रोत्साहन स्वरूप अनुदान दिइनेछ।
- विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरूलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिका सूचनामैत्री र पारदर्शी बनाउने उद्देश्यले नागरिकहरूको सूचना हकको सम्मान गरिनेछ।

## ३. पूर्वाधार विकास

### क.भवन, सडक तथा पुल

- विहादी गाउँपालिकाको सुन्दरता र सांस्कृतिक पहिचान झल्किने गरी वडा नं. १ बाच्छाको वाच्छाखोला र वडा नं. ५ उरामपोखराको डुडखोलामा आधुनिक प्रवेशद्वार निर्माण गरिनेछ, जसले गाउँपालिकाको प्राकृतिक सम्पदा र सांस्कृतिक वैभवलाई प्रतिनिधित्व गर्दै आगन्तुकहरूलाई गर्मजोशीपूर्वक स्वागत गर्ने प्रमुख पहिचान बन्नेछ।
- यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउँदै सडक सुरक्षामा सुधार ल्याउन भुसालचोकमा ट्राफिक पोस्ट निर्माण गरिनेछ, प्रहरी चौकि निर्माण तथा व्यवस्थापनमा ध्यान दिईनेछ।
- हाम्रो पालिकाभित्रका सडक, यातायात र भौतिक संरचनालाई दिगो विकासको आधारमा प्राथमिकताका साथ मर्मतसम्भार गरी गोर्लेङ, लुरेङ, भेडाबारी र सल्यानसम्म पुग्ने पदमार्ग निर्माणका लागि पहल गरिनेछ। यसका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी विहादी–रिंगरोड क्षेत्रको विकास अवधारणामा विशेष ध्यान दिइनेछ।
- हाल सञ्चालनमा रहेका सडकहरूको मापदण्ड कायम राख्दै सडक स्तरोन्नति र मर्मतसम्भार निरन्तर गरिनेछ । पालिकाको सर्वाङ्गिण विकासका लागि **आवधिक योजना,मध्यकालीन खर्च संरचना र आयोजना बैकं** तयार गरिनेछ।
- पालिकाको आय र जनजीवनमा सुधार ल्याउने ठूलो–ठूलो आयोजना तथा पूर्वाधार निर्माणमा रणनितिक महत्वका साथ अनुगमन गरिनेछ र कार्यमा तीव्रता ल्याउन संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- आवश्यकतानुसार पक्की पुल र झोलुङ्गे पुल निर्माणका लागि पनि पहल गरिनेछ। वडा कार्यालयहरूले जनसुविधा प्रभावकारी ढंगले प्रदान गर्न भौतिक संरचनालाई पूर्णरूपमा सम्पन्न गरिनेछ।
- घर विहीन गरिब, विपन्न तथा सीमान्तकृत जातजातिलाई आवासको व्यवस्था गराउन पहल गरिनेछ।
- शिला शालिग्राम दर्शनको सहजताका लागि पर्वत, गुल्मी र स्याङजा जोड्ने डिपिआर सम्पन्न भईसकेको तिनमुखे पुलको लागि पहल गरिनेछ । पातल बालउद्यानको विकास गरी प्राकृतिक सौन्दर्य र मनोरञ्जन प्रवर्द्धन गरिनेछ।

## ख.खानेपानी, सरसफाई तथा सिँचाइ

- **"कृषि भूमिमा पानी सिँचाइमा लगानी"** कार्यक्रम अन्तर्गत सम्पूर्ण खेतयोग्य जमिनलाई सिँचाइमा ल्याउन संघीय सरकारसँगको समन्वयमा ठूला सिँचाइ पूर्वाधार निर्माण गरिनेछ, आर्थिक वर्ष २०८१-०८२ को सिचाँई आयोजनालाई पुर्णता दिईनेछ।
- पेयजलको गुणस्तर सुनिश्चित गर्न आवश्यक पर्ने Water Test Kit र Field Kit खरिद गरी नियमित परीक्षण र अनुगमन प्रणाली सुदृढ गरिनेछ।
- विहादी गाउँपालिकामा लिफ्टिङ्ग खानेपानी प्रणालीको प्रभावकारी सञ्चालनका लागि विधुत महसुल सहुलियत प्रदान गर्दै मर्मत–सम्भार कार्य नियमित रूपमा सञ्चालन गरिनेछ।
- **"एक घर एक धारा"** कार्यक्रम अन्तर्गत पालिका भित्रका सबै परिवारलाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउन लिफ्टिङ खानेपानी आयोजना लगायत अन्य आयोजनाहरुको पुर्णता कार्यक्रमलाई संघ र प्रदेश सरकारको समन्वयमा निरन्तरता दिइनेछ।
- जीर्ण–सडेको खानेपानी आयोजनाको मर्मत सम्भार गरी आगामी तीन वर्षमा सबैलाई खानेपानी उपलब्ध गराउने लक्ष्य पूरा गरिनेछ।
- मौसमी वर्षाको पूरकका रूपमा साना सिँचाइ योजनाअन्तर्गत आकाशे सिँचाइका लागि प्लास्टिक पोखरी निर्माण गरिनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- स्थानीय कृषि भूमिमा वर्षभर सिँचाइको पहुँच पु-याउने उद्देश्यले रानीपानी र बर्राचौरको कृषि भुमिको लागि **'कालीगण्डकी बृहत लिफ्टिङ सिँचाइ आयोजना'** को विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिनेछ र निर्माण कार्य अगाडि बढाइनेछ।
- खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी योजनाहरू (WASH Plan) निर्माण गरी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

## ग. पर्यटन

- विहादी गाउँपालिकाभित्र रहेको शालिग्राम शिला, बच्छेश्वर मन्दिर, शिवपुरी धाम लगायत सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक पर्यटकीय स्थलहरूको पूर्वाधार विकास र प्रसारप्रसारमा जोड दिइनेछ, सेतिवेणी पर्यटकिय पुर्वाधार निर्माणमा विशेष जोड दिईनेछ।
- **"एक वडा एक होमस्टे"** कार्यक्रम सम्पन्न गरिनेछ जसले पर्यटकलाई आवास सुविधा प्रदान गर्नेछ।
- प्याराग्लाइडिङ क्षेत्रको विकासका लागि विशेष पहल गरिनेछ, जसले गाउँपालिकाको पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउनेछ।

- सेतिवेणी गोर्लेङधाम केबुलकारको सम्भाव्यता अध्ययन गरी पर्यटन गुरुयोजना तर्जुमा गरिनेछ। धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।
- पर्यटकीय क्षेत्रको चिनारी र प्रचारप्रसारका लागि पुस्तक र सामग्री निर्माण गरिनेछ ।
- संस्कृति, आस्था र समृद्धिको प्रतीकका रूपमा रहेका मन्दिरहरूको सौन्दर्यीकरण तथा संरचनागत निर्माणका कार्यहरू सञ्चालन गरिनेछ।

### घ. उर्जा

- पैयु क्षेत्र ग्रामीण सामुदायिक विद्युतको ट्रान्सफर्मर मर्मत कार्य सम्पन्न गरी विद्युत् सेवा सुचारु तथा भरपर्दो बनाइनेछ।
- जिर्ण पोल र तारहरूको मर्मतसम्भार गरी **'उज्यालो सडक र बस्ती'** कार्यक्रमलाई तीव्र गतिमा अघि बढाइनेछ।

## ४. वातावरण, जलवायु तथा विपद व्यवस्थापन

- कृषकलाई राहत, वन संरक्षणमा सन्तुलन र स्थानीय स्रोतको उपयोगमा प्रभावकारिता ल्याउन बाँदर नियन्त्रण, कुकाठ फँडानी तथा त्यसको उत्पादक सदुपयोगमा लक्षित कार्यक्रम अघि बढाइनेछ।
- वन, वातावरण र जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्थानीय वन संरक्षण तथा उपयोगका लागि आवश्यक नीति र वन ऐन तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।
- वन क्षेत्रका तथ्याङ्क संकलन गरी सामुदायिक वनको संरक्षण, संवर्द्धन र व्यवस्थापनमा विशेष ध्यान दिइनेछ। टपरी उद्योग, अगरबत्ती उद्योग जस्ता वनसम्बन्धी व्यवसायलाई प्रवर्द्धन गरिनेछ।
- पालिकाको विपद व्यवस्थापन कोषलाई निरन्तरता दिँदै खोज, राहत र उद्धार कार्यलाई प्रभावकारी बनाइनेछ। जोखिम क्षेत्रको नक्साङ्कन गरी सुरक्षित स्थानमा स्थानान्तरणको लागि आवश्यक पहल गरिनेछ।
- विपद न्यूनिकरणका लागि सामुदायिक खोज र तालिमहरू सञ्चालन गरिनेछ। उद्धारमा खटिने सुरक्षाकर्मीहरूको क्षमता अभिवृद्धि गरिनेछ। गैरसरकारी संस्था, नागरिक समाज र स्वयंसेवकसँग समन्वय गरिनेछ।
- **"एक टोल एक चौतारी अभियान"** मार्फत पर्यावरण संरक्षणमा जनचेतना अभिवृद्धि गरिनेछ। वर, पिपल र समी वृक्षारोपणलाई प्रोत्साहन गरिनेछ।
- आपतकालीन संचालन केन्द्र र विपद तालिम केन्द्रको निर्माणका लागि पहल गरिनेछ। सार्वजनिक स्थान तथा सम्पत्ति पहिचान गरी तथ्याङ्क संकलन, संरक्षण, संवर्द्धन र व्यवस्थित प्रयोगमा ध्यान दिइनेछ।

- नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री कानुन अनुसार व्यवस्थित गरिनेछ। निजी जग्गाबाट उत्पादित निर्माण सामग्रीको वितरणलाई पनि व्यवस्थित गरिनेछ।
- विपदबाट हुने जोखिम न्यूनिकरणका लागि घर बीमा र क्षतिपूर्ति पुनर्निर्माणका लागि आवश्यक पहल गरिनेछ।
- जोखिममा परेका वस्तीको संरक्षण र पहिरोबाट हुने सम्भावित क्षति न्यूनीकरण गर्न पहिरो नियन्त्रण तथा वस्ती संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक जग्गामा हुने अवैध कब्जा, अतिक्रमण तथा गैरकानुनी उपयोग नियन्त्रण गर्न सुरक्षण समितिको गठन, अनुगमन र कारबाही प्रक्रिया सशक्त रूपमा अघि बढाइनेछ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा संस्थागत विकास

- विहादी गाउँपालिकाको समग्र पहिचान, सम्भावना, उपलब्धि र विशेषता समेट्ने गरी आकर्षक **विहादीको गाथा- वृत्तचित्र** निर्माण गरिनेछ, **हाम्रो विहादी** नामक मोबाईल एप निर्माणको कार्य अगाडी बढाईनेछ, जसले पालिकाको प्रवर्द्धन तथा सूचनाको पहुँच विस्तारमा योगदान पुऱ्याउनेछ।
- विहादी गाउँपालिकाको सांस्कृतिक पहिचान, मूल्य र गौरव झल्काउने पालिकागान तथा प्रतीकात्मक अर्थ बोकेको आधिकारिक लोगो निर्माण गरिनेछ।
- गाउँपालिकाको गतिविधि, चाडपर्व र महत्वपूर्ण सूचना समेटिएको क्यालेन्डर निर्माण गरिनेछ साथै पालिकाभित्र भएका IEE रिपोर्टहरूको आवश्यक संशोधन कार्य गरिनेछ।
- विकास योजनालाई दिगो र प्रभावकारी बनाउने उद्देश्यले आवधिक योजना निर्माण, मध्यमकालीन खर्च संरचना निर्माण तथा योजना छनोट, प्राथमिककरण र कार्यान्वयनको आधार तयार गर्न आयोजना बैंक निर्माण गरिनेछ।
- गाउँपालिकाको सबै विवरणलाई एकीकृत गरी समेटिएको डिजिटल भिलेज प्रोफाइल नियमित रूपमा अद्यावधिक गरिनेछ ।
- गाउँकार्यपालिकाका कार्यालय र तहहरूमा क्रमशः डिजिटल नागरिक वडापत्र जडान गरी गाउँपालिकालाई पूर्ण रूपमा डिजिटल बनाइनेछ ।
- नागरिकहरूको सूचना प्राप्त गर्ने अधिकार सुनिश्चित गर्दै वेबसाइट, फेसबुक पेज, बल्क एसएमएस लगायत सहज माध्यमबाट सूचना प्रकाशन गरिनेछ। स्थानिय सञ्चार माध्यमको समेत प्रयोग गरिनेछ ।
- प्रत्येक कर्मचारी र शिक्षकको कार्यव्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउने व्यवस्था गरिनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- **"सुरक्षा, स्मार्ट र सुविधा - विहादीका चोकमा प्रविधिको प्रभा"** कार्यक्रम अन्तर्गत विहादी गाउँपालिकाका प्रमुख चोकहरूलाई सुरक्षित, स्मार्ट र प्रविधिमैत्री बनाउन **'स्मार्ट चोक विकास कार्यक्रम'** का साथ सडक बत्ती, WiFi र निगरानी क्यामेरा (CCTV) जडान गरिनेछ।
- **"जनतासंग गाँउपालिका अध्यक्ष"** कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । चौमासिक सार्वजनिक सुनुवाइ गरी सेवाग्राहीबाट प्राप्त सुझाव र गुनासोको व्यवस्थापन गरिनेछ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तथा वित्तीय सुशासन र जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।
- गाउँपालिकाले जवाफदेहिता, पारदर्शिता, जनसहभागिता, गुणस्तर र स्वच्छतामुखी नीतिलाई निरन्तरता दिनेछ।
- विहादी गाउँपालिका अन्तर्गतका कार्यालयहरु संचालनका लागि आवश्यक सूचना प्रविधि, सवारी साधन, मेशिनरी, संचार, कार्यालय सामाग्री, सरसफाई, परामर्श र तालिम खर्च समयमै व्यवस्था गरी गुणस्तरीय सेवा सुनिश्चित गरिनेछ। साथै अनुगमन मूल्यांकन, बजार अनुगमन, साझेदारी कार्यक्रम, सार्वजनिक सुनुवाईका लागि आवश्यक आर्थिक स्रोत प्रवाह गरिनेछ। **विपद् व्यवस्थापन, सामाजिक सुरक्षा कोष र आर्थिक सहायता** कार्यक्रमहरू प्रभावकारी र पारदर्शी ढंगले सञ्चालन गरी गाउँपालिकाका सेवाहरू दिगो र समावेशी बनाइनेछ।

### ६. कर, राजस्व तथा आन्तरिक स्रोत परिचालन

- फजुल खर्च नियन्त्रण गरी वित्तीय सुशासन कायम गरिनेछ, राजस्व वृद्धि गर्न नया करका दर तथा दायरा विस्तार  गरिनेछ, मितव्ययिता अपनाइनेछ र बेरुजुलाई न्यूनिकरण गरिनेछ।
- पदाधिकारी तथा कर्मचारीको सदाचारिता र ईमान्दारितालाई प्रवर्द्धन गर्दै "भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता" नीति कार्यान्वयन गरिनेछ ।
- क्षमता अभिवृद्धिका लागि तालिम, स्थलगत भ्रमण र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिनेछ । कर तथा राजस्व संकलन प्रणालीलाई सरल र सहज बनाउन अनलाइन भुक्तानी प्रणाली सुरु गरिनेछ ।
- योजना सञ्चालन, राजस्व व्यवस्थापन र सेवा प्रदानमा सफ्टवेयरको प्रयोग गरी छिटो, छरितो र व्यवस्थित सेवा उपलब्ध गराइनेछ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको प्रभावकारी प्रयोग गर्दै वित्तीय आत्मनिर्भरता हासिल गर्न प्रयास गरिनेछ।

### ७. न्याय सम्पादन

- वडा स्तरका मेलमिलाप केन्द्रलाई स्तरोन्नति गर्दै सबै विवाद दर्ता गरी आवश्यक अनुसन्धान र प्रतिवेदन तयार गरिनेछ।मेलमिलाप प्रक्रियालाई प्रभावकारी बनाउन निरन्तर अनुगमन गरिनेछ, विवाद समाधानमा मेलमिलापकर्तालाई उचित पारिश्रमिक प्रदान गरिनेछ।

- विद्यार्थीहरूलाई न्यायिक समितिसँग परिचित गराई न्यायिक कार्यक्रमको समिक्षा गरिने तथा महिला र लक्षित समुदायका लागि कानूनी परामर्श सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**अन्ततः** विहादी गाउँपालिकालाई जनअपेक्षा अनुरूप समृद्ध र दिगो विकासतर्फ अगाडि बढाउने, स्थानीय सरकार र नागरिकबीच हार्दिक सुमधुर सम्बन्ध स्थापना गर्ने, र आधुनिक प्रविधि तथा हाम्रो मौलिक पहिचानको समुचित मेलमिलापबाट **"समुन्नत विहादी र सम्मानित विहादीबासी"** सिर्जना गर्ने हाम्रो दृढ र अटल सङ्कल्प सदैव अमिट रहनेछ। यस महत्वपूर्ण अवसरलाई सदुपयोग गर्दै, सम्पूर्ण विहादीबासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र समर्पित नेतृत्व प्रदान गर्ने वचनबद्धता हामी पुनः एक पटक दोहोर्याउँछौं । **साथै,** गाउँपालिकाले अघि सारेका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण बुद्धिजीवी, प्रबुद्ध वर्ग र शुभेच्छुकहरूमा हार्दिक अपिल गर्दछु, आउनुहोस्, हामी सबै मिलेर विहादीको उज्जवल भविष्य निर्माणमा योगदान पुर्याऔं।

धन्यवाद।

जय विहादी

**अध्यक्षः परविन गुरुङ**

विहादी गाउँपालिका, पर्वत ।

२०८२ साल असार २६ गते बिहिवार